# गजुरी गाउँपालिकाको आर्थिक ऐन, २०८२

गजुरी गाउँपालिकाको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८२

प्रस्तावना गजुरी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त स्थानीय कर, दस्तुर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनिय भएकोले नेपालको संविधान २०७२ को धारा २२८ को उपधारा २ वमोजिम गजुरी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भः** १) यस ऐनको नाम "गजुरी गाउँपालिकाको आर्थिक ऐन २०८२" रहेको छ ।

२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि गजुरी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

**२) सम्पति करः** गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाले तोके बमोजिमको सम्पतिको मूल्यांकनमा अनुसूची १ वमोजिम सम्पति कर लगाईने र असुल उपर गरिनेछ । यो कर लगाईसकेपछि भूमिकर लगाईने र असुल उपर गरिनेछैन ।

स्पष्टिकरण: सम्पत्ती कर निर्धारण गर्दा घर र घरले चर्चेको बरावरको थप जग्गा सम्झनु पर्ने छ ।

**३) घरजग्गा बहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूर्ण वा आंशिक तवरले वहालमा दिएकोमा वहाल रकमको १० प्रतिशतका दरले अनुसुची २ बमोजिम वहाल कर लगाईनेछ र असुल उपर गरिनेछ ।

**४) व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची ३ वमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ ।

**५) वहाल विरौटी शुल्क**: गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण रेखदेख वा सञ्चालन गरेका हाटवजार वा पसलमा वा सरकारी जग्गाहरुमा वनेका संरचनाहरुको उपयोग बापत वार्षिक रूपमा अनुसूची ४ वमोजिम को दरले वहाल बिटौरी कर लगाईने र असुल उपर गरिनेछ ।

**६) सेवाशुल्क**: गाउँपालिकाले निर्माण सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची ५ मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**७) विज्ञापन करः** १) स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ को उपदफा १ ग तथा बागमति  प्रदेशको आर्थिक ऐनको दफा ५ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिका क्षेत्रभित्र राखिने होडिङवोर्ड, साईनवोर्ड, व्यानर, ट्राइभिजन वोर्ड, ग्लो वोर्ड, स्टल, डिजिटल वोर्ड,

धातुको फ्रेम वा कुनै स्थानमा लेख्ने वा विद्युतीय तरंग प्रयोग गरिएको प्रचारको लागि राखिने वस्तु वा सामग्रीमा गरिने विज्ञापन मा अनुसूची ६ वमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ ।

२) संकलित करको चालिस प्रतिशत (४०%) रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

३) विज्ञापन कर निर्धारण तथा संकलन गजुरी गाउँपालिकाले गर्नेछ ।

**८) बिक्री शुल्क :** १) वागमती प्रदेशको आर्थिक ऐनले दिएको अधिकार प्रयोग गरी गजुरी गाउँपालिका क्षेत्रभित्र अनुसूची ७ मा उल्लेखित दरमा बिक्री शुल्क लगाईने र असुल उपर गरिनेछ ।

२) संकलित करको चालिस प्रतिशत (४०%) रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

३) बिक्री शुल्कको प्रशासन तथा संकलन गजुरी गाउँपालिकाले गर्नेछ ।

**९) पर्यटन शुल्कः** गाउँपालिकाद्वारा आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनूसूचि ८ मा उल्लेखित करमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१०) स्थानीय स्रोत उपयोग मर्मत शुल्क**: गाउँपालिका आफैंले निर्णय गरी सञ्चालन गरेको सडकहरुमा अनूसूचि ९ मा उल्लेखित दरमा स्थानीय स्रोत उपयोग मर्मत शुल्क लगाईनेछ ।

**११) मालपोत करः** गाउँपालिका क्षेत्रभित्र अनूसूची १० मा तोकिएबमोजिमको दर रेटमा मालपोत कर असुलउपर गरिएको छ ।

**१२) कवाडी कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले कवाडी माल सामानको व्यवसायिक कारोवार गरेमा वा यस गाउँपालिका क्षेत्रबाट निकासी हुने कवाडी मालसामानमा अनुसूची ११ बमोजिम कर लगाइने र असुलउपर गरिनेछ ।

**१३) भाडामा लगाउन सक्ने** : गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेका भवन, मेसिनरी तथा अन्य सम्पत्ति अनुसूची १२ मा उल्लेखित दरमा भाडामा लगाउन सक्नेछ ।

**१३) दण्ड जरिवानाः** १) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति संस्था वा निकायले गाउँपालिकाको काम उलंघन गरेको पाईएमा गाउँपालिकाको कानून अनुसारको तोकिएको दण्ड जरिवाना गर्न सक्नेछ ।

२) उपदफा १ वमोजिमको दण्ड जरिवानाको दर प्रचलित कानून वमोजिम हुनेछ ।

**१४) दर घटाउन, वढाउन वा छुट दिन सक्नेः** १) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाको आवश्यकता अनुसार यो ऐन वमोजिम दस्तुर शुल्क महशुल र करको दर घटाउन वढाउन वा त्यस्तो दस्तुर शुल्क महसुल र कर आशिंक वा पूर्ण रुपमा छुट दिन सक्नेछ

। त्यस्तो दर घटाएको वा वढाएको र छुट दिएको सूचना गाउँपालिकाको राजपत्रमा प्रकाशन गर्नुपर्नेछ ।

२) उपदफा १ वमोजिमको करको दर घटाएको वा वढाएको वा छुट दिएको विवरण प्रत्येक वर्ष गाउँसभावाट पास गराउनुपर्नेछ ।

३) उपदफा १ वमोजिम दिएको पूर्ण वा आंशिक करछुट सुविधाको कसैले दुरुपयोग गरेमा त्यसरी छुट दिएको दस्तुर शुल्क महसुल वा कर रकम असुल उपल गरी सो रकम वरावर जरिवाना गरिनेछ ।

४) प्रक्रिया सरलीकरण वा वाधा अड्काउ फुकुवा गर्न सक्नेः प्रचलित कर सम्वन्धी कानून तथा यस ऐन को कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति सुव्यवस्थामा गम्भिर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपदको कारणले उल्लेखित ऐन तथा यस ऐनको कार्यान्वयन मा कुनै वाधा अड्काउ पर्न गएमा गाउँकार्यपालिकाले आवश्यकता अनुसार अवधि थप गर्न प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको वाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

**१५) कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि गाउँपालिकाले तोकेअनुसार हुनेछ ।

## अनुसूची १

## दफा २ संग सम्बन्धित

## सम्पत्ति कर

हाल घर र घरले चर्चेको जमिनमा सम्पत्ति कर लगाउँदा निम्न अनुसार वर्गिकरण गरी गर्ने । घर/टहर मूल्याङ्कन गर्ने आधार निम्न बमोजिम हुनेछ ।

| घरको प्रकार | ईकाई | प्रति फ्लोर एरिया प्रति स्क्वायर फिट घरको मुल्य |
|---|---|---|
| क. आर.सी.सी.फ्रेम स्ट्रक्चर | प्रति स्क्वायर फिट | २०००/- |
| ख. सिमेन्ट जोडाईमा माटोवा ढुङ्गाको गाह्रो आर.सी.सी.छाना | प्रति स्क्वायर फिट | १२००/- |
| ग. माटोको जोडाइमा ईटा वा ढुङ्गाको गाह्रो – आर. सी.सी. वा सिमेन्ट जोडाईमा ईटा वा ढुङ्गाको गारो जस्ता/टायलको छानो | प्रति स्क्वायर फिट | ८००/- |
| घ. माटोको जोडाईमा ईटा वा ढुङ्गाको गारो जस्ता/टायलको छाना | प्रति स्क्वायर फिट | ५००/- |
| ङ सेड वा कच्चीघर | प्रति स्क्वायर फिट | २००/- |

उपरोक्त अनुसार घरहरुको वर्गिकरण गरी घरको मूल्याङ्न गरी सम्पति कर लगाउने र आगामी आ.व.२०८१/०८२ मा उपरोक्त अनुसार मूल्याङ्कन गर्दा ह्रास कट्टी नगरिने । (तर प्राविधिक मूल्य निर्धारण प्रयोजनको लागि आर.सी.सी. फ्रेम स्ट्रक्चरमा वार्षिक ७% ह्रास कट्टी गरिने र अभिलेखीकरण गरिएका एवम् अन्य घरहरुको लागि वार्षिक १०% ह्रास कट्टी गरिने ।)

घरको मूल्य निर्धारण गर्ने सूत्र=: घरको कुल क्षेत्रफल (जम्मा फ्लोर एरिया) × प्रति स्क्वायर फिट लागत

सम्पत्ति कर (घर,टहरा छप्पर,सेडमा असुल गर्ने सम्पत्ति कर)

| मूल्यांकन रकम रू देखि | मूल्यांकन रकम रू सम्म | सम्पति कर रकम रू प्रतिलाख |
|---|---|---|
| | ३० लाख सम्म | ५/- |
| ३० लाख १ देखि | ५० लाख सम्म | १०/- |
| ५० लाख १ देखि | १ करोड सम्म | १५/- |
| १ करोड १ देखि | २ करोड सम्म | २०/- |
| २ करोड १ देखि | ३ करोड सम्म | २५/- |
| ३ करोड १ देखि | ५ करोड सम्म | ३०/- |
| ५ करोड १ देखि | १५ करोड सम्म | ३५/- |

| | |
|---|---|
| १५ करोड १ देखि माथि सबै | ४०/- |

- न्यूनतम सम्पत्ति कर रु. १००।– लिइनेछ ।
- सम्पत्ति धनीले प्रत्येक वर्षको सम्पत्ति कर सोही आर्थिक वर्षभित्र भुक्तानी गरिसक्नुपर्नेछ । अन्यथा जरिवाना बापत पहिलो वर्ष ५%, दोस्रो वर्ष १०%, तेस्रो वर्ष २०%, चौथो वर्ष ३०%, पाँचौ वर्ष ५०%, छैटौ वर्ष ८०% र सातौ वर्ष र त्यसमाथीको वर्षको सम्पत्ति कर नबुझाएको हकमा १००% जरिवाना लाग्नेछ ।

**अनुसूची २**

**दफा ३ संग सम्बन्धित**

**घरबहाल कर**

क) गाउँपालिका क्षेत्र भित्र कुनै घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड कारखाना (छप्पर), जग्गा वा पोखरी पुरै वा आंशिक तबरले बहालमा दिएकोमा सम्वन्धित घर वा जग्गा धनीवाट १० प्रतिशत कर लिने। घरभाडा संम्झौता अनुसार हुने रकम वा देहायको न्यूनतम भाडा दर अनुसार जुन बढी हुन्छ सो अनुसार भाडा कर १० प्रतिशत लिने ।

| क सं | विवरण | अवधि | न्यूनतम भाडादर रू. |
|---|---|---|---|
| १ | राष्ट्रिय राजमार्ग क्षेत्रका सटर (प्रति सटर) | मासिक | ४०००/- |
| २ | राजमार्ग क्षेत्रमा भित्री सडकका सटर (प्रति सटर) | मासिक | १५००/- |
| ३ | राजमार्ग क्षेत्रमा घरको माथिल्लो तला वा अन्डरग्राउड कोठा | मासिक | २०००/- |
| ४ | भित्री सडकका घरका माथिल्लो तलाका कोठाहरु | मासिक | १५००/- |
| ५ | ग्रामीण क्षेत्रका सटर भाडा | मासिक | १५००/- |
| ६ | ग्रामीण क्षेत्रका कोठा भाडा | मासिक | ८००/- |
| ७ | राजमार्गका घुम्ती पसल भाडा | मासिक | १५००/- |
| ८ | जग्गा भाडा (राजमार्ग क्षेत्र) प्रतिरोपनी | मासिक | ६५००/- |
| ९ | जग्गा भाडा (ग्रामीण क्षेत्र व्यापार व्यवसाय संचालन गर्ने ) प्रतिरोपनी | मासिक | २५००/- |
| १० | उद्योग, व्यवसाय, फर्म संचालनको लागि लिएको जग्गा भाडा (प्रतिरोपनी) | मासिक | १५००/- |

## अनुसूची ३
## दफा ४ सग सम्बन्धित
## व्यवसाय कर

गाउँपालिकाबाट आ.व २०८१/०८२ मा असुल गर्ने कर, सेवा शुल्क र दस्तुरहरुको दररेट

१ गाउँपालिकाको कार्यालयले सेवा उपलब्ध गराए बापत आफैले उठाउने कर, दस्तुरको दरः

१.१ गाउँपालिकाको क्षेत्रभित्र रहेका विभिन्न उद्योग/व्यवसायमा गा.पा.बाट लगाउने व्यवसाय करको दर

| क्र सं | उद्योग व्यावसाय आदिको नाम/ विवरण | एकाई | २०८०/०८१ को करको दर |
|---|---|---|---|
| उद्योग व्यावसाय दर्ता/अनुमति/सुचिकृत | | | |
| १ | ग्यास उद्योग | वार्षिक | ७५०००/- |
| २ | ईटा उद्योग माटो तथा अन्य | वार्षिक | ७५०००/- |
| ३ | सिमन्ट उद्योग | वार्षिक | १०००००/- |
| क्रसर तथा फिरफिरे उद्योग दर्ता/अनुमति/सुचिकृत | | | |
| १ | क्रसर उद्योग | वार्षिक प्रति प्लान्ट | ६००००/- |
| २ | हपर वासिङ | वार्षिक प्रति प्लान्ट | ५६२५०/- |
| ३ | फिरफिरे | वार्षिक प्रति प्लान्ट | ३७५००/- |
| ४ | अस्फाल्ट प्लान्ट | वार्षिक प्रति प्लान्ट | ६००००/- |
| खानी उद्योग दर्ता/अनुमति/सुचिकृत | | | |
| १.२ खानी तथा भूर्गभ विभागमा दर्ता भएका खानीहरु तथा गाउंपालिकामा दर्ता भएका खानीहरु बाट लिईने गाउँपालिकाको शूल्क र नवीकरण दस्तूर | | | |
| १ | चूनढुंगाको हकमा खानी तथा भूगर्भ बिभागमा बूझाएको १२ प्रतिशतको रकमको गांउपालिकाले पाउने रकमः | वार्षिक शुल्क | १२ प्रतिशत |
| २ | बालुवा खानी तथा ढुंगा खानी अनुमति/दर्ता दस्तुर | | ११२५००/- |
| ३ | बालुवा खानी तथा ढुंगा खानी नवीकरण दस्तुर | | ७५०००/- |
| ४ | बालुवा खानी तथा ढुंगा खानी नामसारी दस्तुर | | ९३७५०/- |
| ५ | अनुमति प्राप्त खनिज पदार्थ उत्खनन खोजतलास अनुमति शुल्क | वार्षिक शुल्क | ११२५००/- |
| ६ | साधारण ढुंगाको रोयल्टी | प्रति घन मिटर | १९/- |
| ७ | स्ल्याब स्टोन रोयल्टी | प्रति घन मिटर | १५/- |
| ८ | स्लेट रोयल्टी | प्रति घन मिटर | ४/- |

| | | | |
|---|---|---|---|
| ९ | रोडा रोयल्टी | प्रति घन मिटर | ४/- |
| १० | बालुवा रोयल्टी | प्रति घन मिटर | ४५/- |
| ११ | ग्राबेल रोयल्टी | प्रति घन मिटर | १५/- |
| अन्य उद्योग | | | |
| **क्र.सं.** | **उद्योग** | **दर्ता शुल्क** | **नविकरण शुल्क** |
| १ | प्लास्टिक सामानको कच्चा पदार्थ उद्योग | ३७५०/- | दर्ता शुल्कको ५०% |
| २ | प्लास्टिक झोला बोतल उद्योग | २२५०/- | दर्ता शुल्कको ५०% |
| ३ | ह्युम पाईप उद्योग | ७५००/- | दर्ता शुल्कको ५०% |
| ४ | ब्लक, रिङ ,टायल र तारवार पोल उद्योग (ढुङ्गा तथा स्लेटउद्योग र ढुङ्गा कटिङ | ३७५०/- | दर्ता शुल्कको ५०% |
| ५ | ब्लक पि भि सि / ACC Light ब्लक | ८२५००/- | दर्ता शुल्कको ५०% |
| ६ | मैनबत्ती तथा अगरबत्ती उद्योग | १०००/- | दर्ता शुल्कको ५०% |
| ७ | ग्रील सटर उद्योग | २२५०/- | दर्ता शुल्कको ५०% |
| ८ | चिउरा भुजा तथा चामल उद्योग | ४५००/- | दर्ता शुल्कको ५०% |
| ९ | मसला उद्योग | ३०००/- | दर्ता शुल्कको ५०% |
| १० | डोको नाम्लो भकारी तथा बेतबासका समान उद्योग | ५००/- | दर्ता शुल्कको ५०% |
| स मिल उद्योग | | | |
| **क्र.सं.** | **व्यवसाय तथा उद्योग** | **दर्ता शुल्क** | **नविकरण शुल्क** |
| १ | ट्रली भएको स मिल | ७५००/- | दर्ता शुल्कको ५०% |
| २ | ट्रली नभएको स मिल | ५२५०/- | दर्ता शुल्कको ५०% |
| ३ | फर्निचर उद्योग शोरूम सहित | ३७५०/- | दर्ता शुल्कको ५०% |
| ४ | फर्निचर उद्योग | २२५०/- | दर्ता शुल्कको ५०% |
| ५ | फर्निचर उद्योग स साना प्रकारमा मात्र | १५००/- | दर्ता शुल्कको ५०% |
| ६ | मेटल आल्मुनियम व्यावसाय | १५००/- | दर्ता शुल्कको ५०% |
| ७ | राइस मिल गोदाम सहितको | ३०००/- | दर्ता शुल्कको ५०% |
| ८ | कुटानी पिसानी मिल सानो | १५००/- | दर्ता शुल्कको ५०% |
| ९ | तेल मिल गोदाम सहित | ३०००/- | दर्ता शुल्कको ५०% |
| १० | पानी घट्ट | ५००/- | दर्ता शुल्कको ५०% |
| ११ | पाउरोटी तथा बिस्कुट उद्योग | ५०००/- | दर्ता शुल्कको ५०% |
| १२ | बरफ उद्योग | १५००/- | दर्ता शुल्कको ५०% |
| लघु जलविद्युत | | | |
| **क्र.सं.** | **जलविद्युत** | **दर्ता शुल्क** | **नविकरण शुल्क** |

| | | | |
|---|---|---|---|
| १ | ५० कि वा भन्दा कम | ३७५०/- | दर्ता शुल्कको ५०% |
| २ | ५० कि वा भन्दा बढी | १५०००/- | दर्ता शुल्कको ५०% |
| हाईड्रो पावर कम्पनी | | | |
| **क्र.सं.** | **जलविद्युत** | **दर्ता शुल्क** | **नविकरण शुल्क** |
| १ | एक मेगावाट सम्म | ७५०००/- | दर्ता शुल्कको ५०% |
| २ | एक मेगावाट भन्दा बढी | १५००००/- | दर्ता शुल्कको ५०% |
| ह्याचरी उद्योग | | | |
| **क्र.सं.** | **उद्योग** | **दर्ता शुल्क** | **नविकरण शुल्क** |
| १ | मासिक ५० हजार वटा सम्म चल्ला उत्पादन गर्ने उद्योग | ३७५०/- | दर्ता शुल्कको ५०% |
| २ | मासिक ५० हजार भन्दा बढी १ लाख सम्म चल्ला उत्पादन गर्ने उद्योग | ७५००/- | दर्ता शुल्कको ५०% |
| ३ | मासिक भन्दा बढी १ लाख भन्दा बढी चल्ला उत्पादन गर्ने उद्योग | १५०००/- | दर्ता शुल्कको ५०% |
| कृषि तथा पशुपन्छि फर्म | | | |
| **क्र.सं.** | **फर्म** | **दर्ता शुल्क** | **नविकरण शुल्क** |
| १ | कृषि तथा पशुपन्छि फर्म :५ लाख सम्मको पूँजी | १०००/- | दर्ता शुल्कको ५०% |
| २ | कृषि तथा पशुपन्छि फर्म : २० लाख भन्दा कम पूँजी | १५००/- | दर्ता शुल्कको ५०% |
| ३ | कृषि तथा पशुपन्छि फर्म : २० लाख भन्दा माथीको पूँजी | २५००/- | दर्ता शुल्कको ५०% |
| रिसोर्ट | | | |
| **क्र.सं.** | **व्यवसाय** | **दर्ता शुल्क** | **नविकरण शुल्क** |
| १ | रिसोर्ट (रेस्टुरेन्ट मात्र भएको) | ५०००/- | दर्ता शुल्कको ५०% |
| २ | रिसोर्ट (रेस्टुरेन्ट, ५ भन्दा बढी पाहुना कोठा भएको) | ७५००/- | दर्ता शुल्कको ५०% |
| ३ | रिसोर्ट (सेमिनार हल, रेस्टुरेन्ट र ५ भन्दा बढी पाहुना कोठा मात्र भएको) | १००००/- | दर्ता शुल्कको ५०% |
| राजमार्ग क्षेत्रमा यात्रुलाई लक्षित होटल | | | |
| **क्र.सं.** | **व्यवसाय** | **दर्ता शुल्क** | **नविकरण शुल्क** |
| १ | दैनिक ५० जना भन्दा कमलाई खुवाउने वा २० लाख भन्दा कम पूँजीमा संचालित भई खाना, खाजा, चिया, पेय पदार्थ विक्री गर्ने | २०००/- | दर्ता शुल्कको ५०% |

| | | | |
|---|---|---|---|
| २ | २०-५० लाख सम्मको पूँजीमा संचालित भई खाना, खाजा, चिया, पेय पदार्थ विक्री गर्ने | ३०००/- | दर्ता शुल्कको ५०% |
| ३ | ५० लाख भन्दा बढीको पूँजीमा संचालित भई खाना, खाजा, चिया, पेय पदार्थ विक्री गर्ने | ५०००/- | दर्ता शुल्कको ५०% |
| राजमार्ग क्षेत्रका यात्रु लक्षित पार्क तथा बिसौनीमा संचालित साना पसल व्यावसाय | | | |
| **क्र.सं.** | **व्यवसाय** | **दर्ता शुल्क** | **नविकरण शुल्क** |
| १ | फलफूल मात्र बिक्री गर्ने | १०००/- | दर्ता शुल्कको ५०% |
| २ | फलफूल तथा जुस वा लसि पसल | १५००/- | दर्ता शुल्कको ५०% |
| ३ | हल्का पेय पदार्थ र तयारी खानेकुरा बिक्री गर्ने | १५००/- | दर्ता शुल्कको ५०% |
| ४ | चिया खाजा मात्र बिक्री गर्ने | ७००/- | दर्ता शुल्कको ५०% |
| ५ | होटल संगैका घुम्ती पसल | ७००/- | दर्ता शुल्कको ५०% |
| बजार क्षेत्रका होटल व्यावसाय (मदिरा बिक्री नगर्ने) | | | |
| **क्र.सं.** | **व्यवसाय** | **दर्ता शुल्क** | **नविकरण शुल्क** |
| १ | मिष्ठान्न पसल | १५००/- | दर्ता शुल्कको ५०% |
| २ | खाना, खाजा, चिया, | १५००/- | दर्ता शुल्कको ५०% |
| ३ | चिया खाजा मात्र | १०००/- | दर्ता शुल्कको ५०% |
| ४ | म: म सेन्टर/सप्लायर्स | १०००/- | दर्ता शुल्कको ५०% |
| ग्रामीणक्षेत्रमा संचालित साना होटल | | | |
| **क्र.सं.** | **व्यवसाय** | **दर्ता शुल्क** | **नविकरण शुल्क** |
| १ | खाना, खाजा, चिया, मदिरा र हल्कापेय पदार्थ विक्री गर्ने | १०००/- | दर्ता शुल्कको ५०% |
| २ | खाना, खाजा, हल्कापेय चिसो पदार्थ विक्री गर्ने | ७५०/- | दर्ता शुल्कको ५०% |
| होटल लज गेष्टहाउस टेन्टहाउस क्याटरिङ | | | |
| **क्र.सं.** | **व्यवसाय** | **दर्ता शुल्क** | **नविकरण शुल्क** |
| १ | ५ कोठा वा १० बेड भन्दा कमको ( लज ५ कोठा सम्म) | २५००/- | दर्ता शुल्कको ५०% |
| २ | ५ कोठा वा १० बेड भन्दा बढी भएको (लज ५ कोठा माथि) | ३०००/- | दर्ता शुल्कको ५०% |
| ३ | टेन्ट हाउस र क्याटरिङ सेवा दुवै | ३०००/- | दर्ता शुल्कको ५०% |
| ४ | टेन्ट हाउस वा क्याटरिङ सेवा मात्र | २०००/- | दर्ता शुल्कको ५०% |
| हार्डवेयर ग्याँस किराना मदिरा विद्युतीय सामाग्री थोक तथा खुद्रा बिक्री | | | |

| क्र.सं. | व्यवसाय | दर्ता शुल्क | नविकरण शुल्क |
|---|---|---|---|
| १ | रड सिमेन्ट टायलका थोक बिक्रेता | २००००/- | दर्ता शुल्कको ५०% |
| २ | रड सिमेन्ट टायलका खुद्रा बिक्रेता | १५०००/- | दर्ता शुल्कको ५०% |
| ३ | हाडवेयर पसल थोक बिक्रेता | १००००/- | दर्ता शुल्कको ५०% |
| ४ | हाडवेयर पसल खुद्रा बिक्रेता | ७५००/- | दर्ता शुल्कको ५०% |
| ५ | फिटिङका सामान (धारा बाथरूम) | ५०००/- | दर्ता शुल्कको ५०% |
| ६ | ग्यासका थोक बिक्रेता | ३०००/- | दर्ता शुल्कको ५०% |
| ७ | ग्यास सिलिन्डर बिक्रेता | १५००/- | दर्ता शुल्कको ५०% |
| ८ | वितरक बिक्रेता सबै प्रकारका | ३०००/- | दर्ता शुल्कको ५०% |
| ९ | किराना सामानका थोक बिक्रेता | ४०००/- | दर्ता शुल्कको ५०% |
| १० | सप्लायर्स सवै प्रकारका | ५०००/- | दर्ता शुल्कको ५०% |
| ११ | स्टेशनरी पसल थोक बिक्रेता | २०००/- | दर्ता शुल्कको ५०% |
| १२ | मदिराका थोक डिलर | ५०००/- | दर्ता शुल्कको ५०% |
| १३ | मदिराका खुद्रा बिक्रेता | २५००/- | दर्ता शुल्कको ५०% |
| १४ | आयुवेद औषधि पसल | १०००/- | दर्ता शुल्कको ५०% |
| १५ | हल्का पेय पदार्थ थोक बिक्रेता | ३०००/- | दर्ता शुल्कको ५०% |
| १६ | विद्युतीय सामाग्री थोक बिक्रेता | ३०००/- | दर्ता शुल्कको ५०% |
| १७ | विद्युतीय सामाग्री खुद्रा बिक्रेता | २०००/- | दर्ता शुल्कको ५०% |
| १८ | अन्य सबै थोक बिक्रेता | २०००/- | दर्ता शुल्कको ५०% |
| १९ | मार्ट/डिपार्टमेन्टल स्टोर | ७०००/- | दर्ता शुल्कको ५०% |
| २० | थियटर/फिल्म/ सिनेमा हल | ५०००/- | दर्ता शुल्कको ५०% |
| पेट्रोल पम्प | | | |
| क्र.सं. | व्यवसाय | दर्ता शुल्क | नविकरण शुल्क |
| १ | डिजेल पेट्रोल र मट्टीतेल | ३००००/- | दर्ता शुल्कको ५०% |
| २ | डिजेल र पेट्रोल | २६२५०/- | दर्ता शुल्कको ५०% |
| ३ | पेट्रोल वा डिजेल मात्र | १८७५०/- | दर्ता शुल्कको ५०% |
| अस्पताल | | | |
| क्र.सं. | व्यवसाय | दर्ता शुल्क | नविकरण शुल्क |
| १ | निजी अस्पताल | २००००/- | दर्ता शुल्कको ५०% |
| २ | पोली क्लिनिक / क्लिनिकल ल्याब | ५०००/- | दर्ता शुल्कको ५०% |
| ३ | निजी मेडिकल क्लिनिक डा बाट नियमित चेकजाँच गरिने | ५०००/- | दर्ता शुल्कको ५०% |
| ४ | निजी मेडिकल क्लिनिक पारामेडिक्स बाट | ४०००/- | दर्ता शुल्कको ५०% |

| | | | |
|---|---|---|---|
| | चेक जाँच वा औषधि बिक्री गर्ने | | |
| ५ | डेन्टल क्लिनिक | ४०००/- | दर्ता शुल्कको ५०% |
| ६ | औषधि थोक बिक्रेता | १००००/- | दर्ता शुल्कको ५०% |
| ७ | औषधि खुद्रा बिक्रेता | ५०००/- | दर्ता शुल्कको ५०% |
| ८ | चश्मा पसल | ३०००/- | दर्ता शुल्कको ५०% |
| टेलरिङ व्यावसाय | | | |
| **क्र.सं.** | **व्यवसाय** | **दर्ता शुल्क** | **नविकरण शुल्क** |
| १ | सटिङ सुटिङ लेडिज एण्ड जेन्स कपडा सहित | ३०००/- | दर्ता शुल्कको ५०% |
| २ | टेलरिङ मात्र | १५००/- | दर्ता शुल्कको ५०% |
| ३ | लेडिज टेलरिङ थान कपडा सहित | २०००/- | दर्ता शुल्कको ५०% |
| विविध | | | |
| **क्र.सं.** | **व्यवसाय** | **दर्ता शुल्क** | **नविकरण शुल्क** |
| १ | सुनचाँदी पसल | ५०००/- | दर्ता शुल्कको ५०% |
| २ | शैलुन (कपाल काट्ने मात्र) | १५००/- | दर्ता शुल्कको ५०% |
| ३ | शैलुन (फासिएल सहित कस्मेटिक सेवा) | ३०००/- | दर्ता शुल्कको ५०% |
| ४ | व्युटि पार्लर कस्मेटिक तालिम समेत दिने | ३०००/- | दर्ता शुल्कको ५०% |
| ५ | व्युटि पार्लर कस्मेटिक मात्र | २०००/- | दर्ता शुल्कको ५०% |
| ६ | कम्प्युटर बिक्री पसल | ५०००/- | दर्ता शुल्कको ५०% |
| ७ | कम्प्युटर मर्मत | २०००/- | दर्ता शुल्कको ५०% |
| ८ | टी भी फ्रीज बिक्री | ५०००/- | दर्ता शुल्कको ५०% |
| ९ | टिभी फ्रिज विक्री तथा मर्मत | ६०००/- | दर्ता शुल्कको ५०% |
| १० | टी भी फ्रीज मर्मत | २०००/- | दर्ता शुल्कको ५०% |
| ११ | मोबाइल टेलिफोन क्यालकुलेटर, घडी, क्यासेट, अडियो, भिडियो बिक्री । | २५००/- | दर्ता शुल्कको ५०% |
| १२ | घडी, क्यासेट, अडियो, भिडियो बिक्री | १०००/- | दर्ता शुल्कको ५०% |
| १३ | मोबाइल टेलिफोन क्यालकुलेटर, घडी, क्यासेट, अडियो, भिडियोमर्मत। | १५००/- | दर्ता शुल्कको ५०% |
| १४ | मेशीनरी सामान, बेरिङ रिपेरिङ तथा बिक्री (मोटर, जेनेरेटर, हाते ट्याक्टर आदी) | ३०००/- | दर्ता शुल्कको ५०% |
| १५ | अचार व्यवसाय | १०००/- | दर्ता शुल्कको ५०% |
| १६ | चिस्यान केन्द्र | २००००/- | दर्ता शुल्कको ५०% |
| १७ | सामूदायिक बनले टेन्डर मार्फत विक्रि | कुल रकमको १० प्रतिशत | |

| | | |
|---|---|---|
| | वितरण गर्ने काठमा लाग्ने निकासी कर | |

| | **अन्य पसल तथा व्यावसाय** | | |
|---|---|---|---|
| **क्र.सं.** | **व्यवसाय** | **दर्ता शुल्क** | **नविकरण शुल्क** |
| १ | जुत्ता चप्पल पसल थोक विक्रेता | २५००/- | दर्ता शुल्कको ५०% |
| २ | जुत्ता चप्पल पसल खुद्रा विक्रेता | १५००/- | दर्ता शुल्कको ५०% |
| ३ | किराना पसल खुद्रा बिक्रेता | १५००/- | दर्ता शुल्कको ५०% |
| ४ | किराना पसल तथा कोल्ड स्टोर | २०००/- | दर्ता शुल्कको ५०% |
| ५ | भाडाकुडा विक्री पसल (माटो बाहेक) | २०००/- | दर्ता शुल्कको ५०% |
| ६ | माटोका भाँडाकुडा पसल | १०००/- | दर्ता शुल्कको ५०% |
| ७ | फेन्सीपसल | २५००/- | दर्ता शुल्कको ५०% |
| ८ | फेन्सि तथा जुत्ता चप्पल पसल | ३०००/- | दर्ता शुल्कको ५०% |
| ९ | गिफ्टपसल | १५००/- | दर्ता शुल्कको ५०% |
| १० | क्याफे एण्ड गिफ्ट पसल | २०००/- | दर्ता शुल्कको ५०% |
| ११ | पान तथा गुड्खा पसल | १०००/- | दर्ता शुल्कको ५०% |
| १२ | डाईक्लिनर्स | १०००/- | दर्ता शुल्कको ५०% |
| १३ | सिनेमा हल | १००००/- | दर्ता शुल्कको ५०% |
| १४ | आर्ट व्यवसाय | १०००/- | दर्ता शुल्कको ५०% |
| १५ | फोटो स्टुडियो | २०००/- | दर्ता शुल्कको ५०% |
| १६ | प्लाई तथा सिसा पसल | ३०००/- | दर्ता शुल्कको ५०% |
| १७ | फर्निचर तथा फनिसिङ्ग | ४०००/- | दर्ता शुल्कको ५०% |
| १८ | साइकल, रिक्सा, छाता, कुकर समेत मर्मत | १०००/- | दर्ता शुल्कको ५०% |
| १९ | मोटरसाइकल विक्री (रिकण्डिसन समेत) | ६०००/- | दर्ता शुल्कको ५०% |
| २० | मोटरसाइकल मर्मत | ३०००/- | दर्ता शुल्कको ५०% |
| २१ | अटोमेकानिकल कम्पनीका आधिकारिक सेवा केन्द्र | २००००/- | दर्ता शुल्कको ५०% |
| २२ | अटोमेकानिकल (बस, ट्रक, कार जिप, टेक्टर (व्यापारिक) मर्मत पार्टस् विक्री | १५०००/- | दर्ता शुल्कको ५०% |
| २३ | अटोमेकानिकल (बस, कार जिप, टेक्टर पार्टस् मर्मत | ६०००/- | दर्ता शुल्कको ५०% |

<table>
<tr><td>२४</td><td>हाते ट्याक्टर (कृषि कामको लागि) विक्री</td><td>३०००/-</td><td>दर्ता शुल्कको ५०%</td></tr>
<tr><td>२५</td><td>टायर बिक्री</td><td>२०००/-</td><td>दर्ता शुल्कको ५०%</td></tr>
<tr><td>२७</td><td>टायर मर्मत (बस जिप, कार, ट्रक)</td><td>१०००/-</td><td>दर्ता शुल्कको ५०%</td></tr>
<tr><td>२८</td><td>लेथ सेन्टर्स</td><td>२५००/-</td><td>दर्ता शुल्कको ५०%</td></tr>
<tr><td>२९</td><td>मोटरवडी विल्डर्स</td><td>५०००/-</td><td>दर्ता शुल्कको ५०%</td></tr>
<tr><td>३०</td><td>फन पार्क</td><td>५०००/-</td><td>दर्ता शुल्कको ५०%</td></tr>
<tr><td>३१</td><td>इटा, रोडा, वालुवा खुद्रा विक्रेता</td><td>५०००/-</td><td>दर्ता शुल्कको ५०%</td></tr>
<tr><td>३२</td><td>सिमेन्ट ब्लक उद्योग तथा सप्लाइ</td><td>४०००/-</td><td>दर्ता शुल्कको ५०%</td></tr>
<tr><td>३३</td><td>डिजिटल केवल तथा इन्टरनेट प्रसारण</td><td>३०००/-</td><td>दर्ता शुल्कको ५०%</td></tr>
<tr><td>३४</td><td>फोटोकपी, फ्याक्स, लेमिनेशन, व्याण्डिङ, कुरियर</td><td>१०००/-</td><td>दर्ता शुल्कको ५०%</td></tr>
<tr><td>३५</td><td>कम्प्युटर, ड्राइभिङ तथा अन्य इन्टिच्युट</td><td>३०००/-</td><td>दर्ता शुल्कको ५०%</td></tr>
<tr><td>३६</td><td>डिजिटल छापाखाना,  छापाखाना</td><td>४०००/-</td><td>दर्ता शुल्कको ५०%</td></tr>
<tr><td>३७</td><td>साइवर, नेट, फोनसेवा (कम्युनिकेशन सेवा)</td><td>१०००/-</td><td>दर्ता शुल्कको ५०%</td></tr>
<tr><td>३८</td><td>चटपटेपसल तथा पानीपुरी पसल</td><td>५००/-</td><td>दर्ता शुल्कको ५०%</td></tr>
<tr><td>३९</td><td>कृषि सामाग्री बिक्री केन्द्र/शीत भण्डार</td><td>२०००/-</td><td>दर्ता शुल्कको ५०%</td></tr>
<tr><td>४०</td><td>एग्रोभेट/मल विउ विजन</td><td>२५००/-</td><td>दर्ता शुल्कको ५०%</td></tr>
<tr><td>४१</td><td>टयुसन सेन्टर</td><td>२०००/–</td><td>दर्ता शुल्कको ५०%</td></tr>
<tr><td>४२</td><td>मादल विक्रि तथा मर्मत</td><td>५००/–</td><td>दर्ता शुल्कको ५०%</td></tr>
<tr><td>४३</td><td>सिरक डसना वनाउने तथा थान कपडा, कपास विक्री</td><td>१५००/–</td><td>दर्ता शुल्कको ५०%</td></tr>
<tr><td>४४</td><td>डेरी उद्योग (दुध तथा दुग्ध जन्य अन्य पदार्थ)</td><td>२५००/–</td><td>दर्ता शुल्कको ५०%</td></tr>
<tr><td>४५</td><td>कृषक समूह दर्ता</td><td>५००/–</td><td>दर्ता शुल्कको ५०%</td></tr>
<tr><td>४६</td><td>समूह दर्ता</td><td>१०००/–</td><td>दर्ता शुल्कको ५०%</td></tr>
<tr><td>४७</td><td>संघसंस्था दर्ता</td><td>१५००/–</td><td>दर्ता शुल्कको ५०%</td></tr>
<tr><td>४८</td><td>पुजा सामाग्री पसल</td><td>१०००/–</td><td>दर्ता शुल्कको ५०%</td></tr>
<tr><td rowspan="3">४९</td><td>अटो रिक्सा सञ्चालन गर्न अटो रिक्सा सवारी साधन प्रचलित कानून बमोजिम दर्ता गर्ने निकायमा दर्ता भई गाउँपालिका क्षेत्रमा व्यवसाय गर्न निवेदन गर्न आउने व्यवसायीलाई लगाइने कर</td><td colspan="2">२०००/-</td></tr>
<tr><td>पहिलो पटक बाटो इजाजत पत्र दस्तुर</td><td colspan="2">१५००/-</td></tr>
<tr><td>नविकरण बाटो इजाजत पत्र दस्तुर</td><td colspan="2">७५०/-</td></tr>
<tr><td colspan="4">लेखापरीक्षक</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| १ | क.क श्रेणीलाई (दर्ता तथा सूचिकृत) | बार्षिक | २५००/- |
| २ | ख.ख श्रेणीलाई (दर्ता तथा सूचिकृत) | बार्षिक | २०००/- |
| ३ | ग.ग श्रेणीलाई (दर्ता तथा सूचिकृत) | बार्षिक | १५००/- |
| ४ | घ.घ श्रेणीलाई (दर्ता तथा सूचिकृत) | बार्षिक | १०००/- |
| **बैक फाइनान्स, वित्तिय संस्थाहरु तथा सहकारी बैंक नाफा मूलक संचालन अनुमति (सरकारी लगानी बाहेक)** | | | |
| १ | क वर्गको बैक तथा वित्तिय संस्था | बार्षिक | २५०००/- |
| २ | ख वर्गको बैक तथा वित्तिय संस्था | बार्षिक | २००००/- |
| ३ | ग वर्गको बैक तथा वित्तिय संस्था | बार्षिक | १५०००/- |
| ४ | घ वर्गको बैक तथा वित्तिय संस्था | बार्षिक | १००००/- |
| ५ | विमा कम्पनीको शाखा कार्यालय | बार्षिक | ७५००/- |
| **अन्य सहकारी संघ, संस्था** | | | |
| **क्र.सं.** | **सहकारी संघ संस्था** | **दर्ता शुल्क** | **नविकरण शुल्क** |
| १ | बार्षिक पूँजी २० लाख भन्दा बढी भएका बचत तथा ऋण सहकारी | ५०००/- | दर्ता शुल्कको ५०% |
| २ | बार्षिक पूँजी २० लाख भन्दा कम भएका बचत तथा ऋण सहकारी | ७०००/- | दर्ता शुल्कको ५०% |
| ३ | वार्षिक पूँजी २० लाख भन्दा बढी भएका अन्य संघ संस्था | १५००/- | दर्ता शुल्कको ५०% |
| ४ | वार्षिक पूँजी २० लाख भन्दा कम भएका अन्य संघ संस्था | १०००/- | दर्ता शुल्कको ५०% |
| ५ | बार्षिक पूँजी २० लाख भन्दा बढी भएका बहुउद्देश्यीय र कृषि सहकारी | १५००/- | दर्ता शुल्कको ५०% |
| ६ | बार्षिक पूँजी २० लाख भन्दा कम भएका बहुउद्देश्यीय र कृषि सहकारी | १०००/- | दर्ता शुल्कको ५०% |
| ७ | टोल विकास संघ/ संस्था | १०००/- | दर्ता शुल्कको ५०% |
| ८ | क्लब दर्ता | १०००/- | दर्ता शुल्कको ५०% |
| **निजी शिक्षालय संचालन** | | | |
| १ | क्याम्पस | बार्षिक | २००००/- |
| २ | मा.वि. | बार्षिक | १८०००/- |
| ३ | आ.वि.(६देखि ८ कक्षा सम्म संचालित ) | बार्षिक | १५०००/- |

| | | | |
|---|---|---|---|
| ४ | आ.वि.(वालविकास देखि ५कक्षा सम्म संचालित ) | बार्षिक | १००००/- |

**परामर्श सेवा**

| क्र.सं. | परामर्श सेवा | दर्ता शुल्क | नविकरण शुल्क |
|---|---|---|---|
| १ | इन्जिनियरिङ | ६०००/- | दर्ता शुल्कको ५०% |
| २ | शैक्षिक | ५०००/- | दर्ता शुल्कको ५०% |
| ३ | कानूनी परामर्श सेवा | ५०००/- | दर्ता शुल्कको ५०% |
| ४ | अन्य परामर्श सेवा | २०००/- | दर्ता शुल्कको ५०% |

**माछा मासु र अण्डा पसल**

| क्र.सं. | व्यवसाय | दर्ता शुल्क | नविकरण शुल्क |
|---|---|---|---|
| १ | दैनिक ५० किलो भन्दा कम मासु विक्री गर्ने | २०००/- | दर्ता शुल्कको ५०% |
| २ | दैनिक ५० किलो भन्दा बढी १०० किलो भन्दा कम विक्री गर्ने | ३०००/- | दर्ता शुल्कको ५०% |
| ३ | दैनिक १०० किलो भन्दा वढी मासु विक्री गर्ने | ५०००/- | दर्ता शुल्कको ५०% |
| ४ | अण्डा पसल | १५००/- | दर्ता शुल्कको ५०% |
| ५ | माछा पसल | १५००/- | दर्ता शुल्कको ५०% |
| ७ | बधशाला | ७०००/- | दर्ता शुल्कको ५०% |

**निर्माण व्यावसायी**

| | | | |
|---|---|---|---|
| १ | क श्रेणी | सूचिकृत | १०००००/- |
| २ | ख श्रेणी | सूचिकृत | ७५०००/- |
| ३ | ग श्रेणी | सूचिकृत | ५००००/- |
| ४ | घ श्रेणी | | |
| | दर्ता इजाजत पत्र | बार्षिक | २००००/- |
| | नवीकरण | बार्षिक | १००००/- |
| | प्रमाण पत्र प्रतिलिपी | बार्षिक | ५०००/- |
| | नामसारी तथा ठाउँसारी सिफारिस | प्रतिपटक | ५०००/- |

**अन्य विविध**

| क्र.सं. | व्यवसाय | दर्ता तथा सूचिकृत शुल्क | नविकरण शुल्क |
|---|---|---|---|
| १ | रासायानिक मल, विउ विजन, किटनाशक औषधी विक्री भेटेनरी समेत | २५००/- | दर्ता शुल्कको ५०% |
| २ | मेशिनरी समान बिक्री (मोटर जेनेरेटर आदि क श्रेणी) | ५०००/- | दर्ता शुल्कको ५०% |
| ३ | मेशिनरी समान बिक्री (मोटर जेनेरेटर आदि ख श्रेणी) | ३०००/- | दर्ता शुल्कको ५०% |
| ४ | कृषि उपकरण मर्मत तथा विक्रि | ५००/- | दर्ता शुल्कको ५०% |
| ५ | ट्रान्सपोर्ट / ढुवानी सेवा | २५००/- | दर्ता शुल्कको ५०% |
| ६ | टुर एण्ड ट्राभल्स सेवा | ३०००/- | दर्ता शुल्कको ५०% |
| ७ | रेमिट्यान्स तथा मनी चेन्जर सेवा | ५०००/- | दर्ता शुल्कको ५०% |
| ८ | कवाडी व्यावसाय | ५०००/- | दर्ता शुल्कको ५०% |
| ९ | वैकल्पिक उर्जा (सोलार, बायोग्याँस जस्ता व्यवसाय) | ३०००/- | दर्ता शुल्कको ५०% |
| १० | रङरोगन पसल | २५००/- | दर्ता शुल्कको ५०% |
| ११ | अनलाइन खवर पत्रिका, पत्रिका | १०००/- | दर्ता शुल्कको ५०% |
| १२ | एफ एम रेडियो | ३०००/- | दर्ता शुल्कको ५०% |
| १३ | सवारी चार्ज स्टेशन | १००००/- | दर्ता शुल्कको ५०% |
| १४ | चाउमिन उत्पादन उद्योग | ५०००/- | दर्ता शुल्कको ५०% |
| १५ | फ्रोजन म:म उद्योग | ५०००/- | दर्ता शुल्कको ५०% |
| १६ | चाइल्ड केयर सेन्टर | ५०००/- | दर्ता शुल्कको ५०% |
| १७ | व्यवसायको नाम तथा प्रोपाइटरको नाम परिवर्तन/ लगानी थप शुल्क | ५००/- | |

**नोटः १. अनुसूची ३ मा उल्लेख हुन छुट भएका व्यावसायहरुलाई व्यावसायको प्रकृति हेरी उल्लेखित विषयसँग मेल खाने गरी रु. ५००।०० देखि रु. ५०००।०० सम्म रकम लिने । व्यवसायको नविकरण प्रत्येक आर्थिक वर्षको असोज मसान्त भित्र गर्नुपर्नेछ । समयमै नवीकरण नगराएमा विलम्ब शुल्क बापत नविकरण रकमको १५% थप लाग्नेछ ।**

## अनुसूची ४
## दफा ५ संग सम्बन्धित
## वहाल विटौरी कर शुल्क

| क्र.सं. | सार्वजनिक सम्पत्ति | विवरण | रकम |
|---|---|---|---|
| १ | कच्ची (घर/टहरा) | प्रतिमहिना | १०००/– |
| २ | पक्की (घर) | प्रतिमहिना | ३०००/– |
| ३ | गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटो छेउमा अस्थायी पसल वा व्यवसाय गर्न दिए वापत | प्रति रनिङ फिटका दरले मासिक | १०/– |

## अनुसूची ५
## दफा ६ संग सम्बन्धित
## सेवा शुल्क

| सि.नं | विवरण | प्रति एकाई | तोकिएको दर |
|---|---|---|---|
| सार्वजनिक शौचालय प्रयोग शुल्क | | | |
| १ | दिशा गरेको | पटके | १०/- |
| २ | पिसाब गरेको | पटके | ५/- |
| ३ | स्नान गरेको | पटके | ५०/- |
| ४ | शौचालय जरेखेत | वार्षिक | १००००/- |
| ५ | शौचालय फुर्केखोला | वार्षिक | १००००/- |
| ६ | शौचालय गलौदी | वार्षिक | ३०००/- |
| ७ | अन्य शौचालयको हकमा गाउँकार्यपालिकाको निर्णयानुसार हुने | | |
| सरसफाई तथा फोहोरमैला व्यवस्थापन शुल्क | | | |
| १ | होटल व्यवसाय | मासिक | ५००/- |
| २ | तरकारी तथा फलफुल व्यवसाय | मासिक | ४००/- |
| ३ | अस्पताल रनर्सिङ होम | मासिक | १०००/- |
| ४ | शिक्षण संस्था (नीजि तर्फ) | मासिक | ५००/- |
| ५ | सरकारी कार्यालय शिक्षण संस्था | मासिक | २००/- |
| ६ | गैर सरकारी कार्यालयहरु | मासिक | ३००/- |

| | | | |
|---|---|---|---|
| ७ | निजी घर (भाडा लगाएको) | मासिक | २००/- |
| ८ | निजी घर पसल समेत आफ्नै भएको | मासिक | २५०/- |
| ९ | निजी घर | मासिक | १००/- |
| १० | अन्यपसलहरु | मासिक | २००/- |
| ११ | उद्योग | मासिक | ५००/- |
| १२ | मासुपसल | मासिक | ४००/- |
| १३ | मोटरसाईकल /साईकल वर्कशप | मासिक | ५००/- |
| १४ | पोल्ट्रीफर्म | मासिक | ५००/- |
| अन्य सेवा शुल्कहरु | | | |
| १ | डिजिटल तथा अन्य नापी सेवा शुल्क | प्रतिकित्ता पटक | ५००/- |
| २ | थप कित्ता भए | थप प्रतिकित्ता पटक | १००/- |
| ३ | अचल सम्पत्ति मूल्यांकन सेवा शुल्क | प्रतिशत | ०.५% |
| ४ | परिक्षाको प्राप्तांक पुनर्योग शुल्क | प्रतिपटक | ३००/- |
| व्यक्तिगत घटना दर्ता | | | |
| १ | प्रमाणपत्र दस्तुर (३६ दिनदेखि माथि) | | २००/- |
| २ | प्रमाण पत्रको प्रतिलिपि | | ५००/- |
| ३ | ढड्डा हेरेवापत | | २००/- |
| घर नक्सा पास दस्तुर (नयाँ तथा पुरानो) | | | |
| १ | अस्थायी टहरा साधारण | वर्गफिट | ४/- |
| २ | अस्थायी टहरा होटेल उद्योग आदि प्रयोजनको लागि | वर्ग फिट | ५/- |
| ३ | सिमेन्ट जोडाईको पक्की घर अभिलेखिकरणको सवै तला | वर्ग फिट | १०/- |
| ४ | सिमेन्ट जोडाईको पक्की घर सवै तलाको | वर्ग फिट | ८/- |
| ५ | सिमेन्ट जोडाईको पक्की घर सवै तलाको (औद्योगिक र व्यापारिक प्रयोजनको लागि) | वर्ग फिट | १०/- |
| ६ | कम्पाउण्ड वाल सिमेन्ट जोडाई | वर्ग फिट | ४/- |
| ७ | घर नक्सा नामसारी दस्तुर | वर्ग फिट | ३/- |
| ८ | स्टिल फ्रेम स्टक्चरमा बनेका संरचना | वर्ग फिट | ८/- |
| ९ | नक्सा संशोधन दस्तुर | पटके | १०००/- |
| १० | नक्सा म्याद थप | पटके | १०००/- |
| ११ | नक्सा प्रतिलिपी दस्तुर | पटके | ५००/- |

| | | | |
|---|---|---|---|
| सामान्य सिफारिसहरु दस्तुर | | | |
| १ | नाम थर संशोधन सिफारिस प्रति सिफारिस | प्रतिसिफारिस | ३००/- |
| २ | नेपाली नागरिकता प्रमाणपत्र (वंशज) सिफारिस (१८ वर्ष भित्रमा सिफारिश लिन आएमा निशुल्क | प्रतिसिफारिस | १००/- |
| ३ | नेपाली नागरिकता प्रमाणपत्र प्रतिलिपि सिफारिस | प्रतिसिफारिस | २००/- |
| ४ | नाता प्रमाणित | | ३००/- |
| ५ | सर्जमिन मुचुल्का | प्रतिसिफारिस | ३००/- |
| ६ | वैदेशिक प्रयोजनार्थ नाता प्रमाणित (अंग्रेजी) | प्रतिसिफारिस | ५००/- |
| ७ | संस्थादर्ता/नवीकरण सिफारिस | प्रतिसिफारिस | ३००/- |
| ८ | साधारण अन्य सिफारिस | प्रतिसिफारिस | २००/- |
| ९ | तीन पुस्ते फोटो टाँस सिफारिस | प्रतिसिफारिस | ३००/- |
| १० | असहाय, अपांगता भएका दैवि प्रकोप पिडित, छात्रवृत्ति, जेष्ठ नागरिक, एकल महिलासम्वन्धिको सिफारिस ,स्वास्थ्य | प्रतिसिफारिस | निःशुल्क |
| ११ | लिखत प्रमाणित | प्रति प्रमाणित | ५००/- |
| १२ | वडाले जारी गरेको सक्कल कागजात प्रमाणित शुल्क | प्रति प्रमाणित | ५००/- |
| १३ | अंग्रेजी सिफारिस | प्रति सिफारिस | ५००/- |
| १४ | प्लटिङ्ग अनुमति प्रदान दस्तुर | प्रति आना | १०,०००/- |
| १५ | अंगीकृत नागरिकता सिफारिस | प्रति सिफारिस | १०००/- |
| १६ | गैरआवसिय नागरिकता सिफारिस | प्रति सिफारिस | १०००/- |
| जग्गा नामसारी सिफारिस | | | |
| १ | बाबु आमाको शेष पछिको नामसारी सिफारिस | | निःशुल्क |
| सामान्य जग्गा किनबेच तथा नामसारी सिफारिस | | | |
| १ | पृथ्वीराजमार्गले छोएको दुवै तर्फका जग्गा | प्रति पटक | ५००/- |
| २ | ग्रामिण कच्ची सडकले छोएका जग्गाहरु | प्रति पटक | ३००/- |
| ३ | अन्य सवैजग्गा | प्रति पटक | २००/- |
| घर जग्गा दर्ता र जिष्ट्रेशन सिफारिस | | | |
| १ | पृथ्वीराजमार्गले छोएको दुवै तर्फका जग्गा | पटक | ५००/- |
| २ | ग्रामिण कच्ची सडकले छोएका जग्गाहरु | पटक | ३००/- |
| ३ | अन्य सबैजग्गाहरु | पटक | २००/- |
| ४ | विर्ता जग्गा नामासारी | पटक | ५००/- |

| | | | |
|---|---|---|---|
| ५ | जोतछोड पत्र र नाम कट्टा | पटक | २००/- |
| ६ | गुठी जग्गाराज गुठीमा र रैकर नम्वरीमा परिणत दर्ता नामसारी | पटक | ५००/- |
| ७ | स्ववासी जग्गाको हक परिणत | पटक | ३००/- |
| ८ | स्ववासी जग्गाको हक परिणत घर भए प्रति घर थप | पटक | २००/- |
| ९ | छुटदर्ताको सिफारिस | पटक | ५००/- |
| | **चार किल्ला प्रमाणित** | | |
| १ | राष्ट्रिय राजमार्ग (पृथ्वीको राजमार्ग) र पक्की पिच सडकसंग जोडिएको जग्गाहरु | पटक | ५००/- |
| २ | कच्ची मोटरवाटो भएका जग्गाहरु | पटक | ३००/- |
| ३ | अन्य सवैजग्गा | पटक | २००/- |
| ४ | चार किल्ला प्रमाणित उद्योग र होटल जुनसुकै वडाको | पटक | १,०००/- |
| ५ | अपुतालि सिफारिस | पटक | ५००/- |
| ६ | मोही लगतकट्टा सिफारिस | पटक | २००/- |
| ७ | मोही नामसारी सिफारिस | पटक | २००/- |
| ८ | घर वाटो सिफारिस | एक कित्ताको मात्र | ५००/- |
| | थप कित्ता भएमा | थप प्रतिकित्ता | १००/- |
| ९ | फिल्ड नक्सांकन (साविक गजुरी गाविस) | ५ रोपनी सम्मको प्रति पटक | ३०००/- |
| | फिल्ड नक्सांकन (साविक पिडा गाविस) | ५ रोपनी सम्मको प्रति पटक | ३५००/- |
| | फिल्ड नक्सांकन (साविक किराञ्चोक गाविस) | ५ रोपनी सम्मको प्रति पटक | ४०००/- |
| | ५ रोपनी भन्दा बढीको नक्सांकनको निम्ति थप १०० प्रतिशत शुल्क थप लाग्नेछ । | | |
| | **उद्योग दर्ता सिफारिस** | | |
| १ | दश लाखसम्म पुजी लगानी हुनेमा | पटक | १,०००/- |
| २ | दश लाखभन्दा माथिको पुजी लगानी हुनेमा प्रती लाख थपमा | पटक | १००/- |
| ३ | डिलरसिप सिफारिस | पटक | ५००/- |
| ४ | व्यवसाय दर्ता सिफारिस रु एक लाख देखि पाँचलाख सम्मको पूँजी लगानी हुनेमा | पटक | ५००/- |
| ५ | व्यवसाय दर्ता सिफारिस पाँचलाख भन्दा माथिको | पटक | ५०/- |

| | | | |
|---|---|---|---|
| | पुजी लगानी हुनेमा प्रति लाख थपमा | | |
| धारा विजुली जडानसिफारिस दस्तुर | | | |
| १ | धारा विजुली जडान सिफारिस | पटक | २००/- |
| २ | धारा विजुली नामसारी सिफरिस | पटक | २००/- |
| घर व्लक नम्वर दस्तुर | | | |
| १ | घर व्लक नंम्वर (नयाँ) | | १००/- |
| २ | घर व्लक नं नामसारी | | १००/- |
| वार्षिक आम्दानी प्रमाणित दस्तुर | | | |
| मूल्यांकन कायम भएको मूल्यको ०.१ प्रतिशतले हुन आउने रकम आम्दानी प्रमाणित दस्तुर हुनेछ । | | | |
| अन्य विक्रि/दर्ता/सिफारिस | | | |
| १ | घटना दर्ता फारम | प्रति गोटा | निःशुल्क |
| २ | अन्य सबै किसिमका फारमहरु | प्रति गोटा | ५०/- |
| ३ | नक्सा दर्ता किताब | प्रति गोटा | ५००/- |
| ४ | गाउँपालिकाको पार्श्वचित्र, गुरुयोजना | प्रति गोटा | ३००/- |
| ५ | तरकारी तथा फलफुल संकलन केन्द्र प्रयोग गरेको शुल्क | प्रति स्टल मासिक | १०००/- |
| ६ | सभाहल प्रयोग गरे वापत शुल्क | प्रति पटक | २५००/- |
| ७ | रुख कटान सिफारिस | प्रति गोटा | १००/- |
| ८ | उपभोक्ता समिति दर्ता | प्रति पटक | ५००/- |
| ९ | खानेपानी तथा जलस्रोत समिति दर्ता | प्रति पटक | १०००/- |
| १० | उपभोक्ता समिति नविकरण | प्रति पटक | २००/- |
| ११ | खानेपानी तथा जलस्रोत समिति नविकरण | प्रति पटक | ५००/- |
| १२ | नक्सापास निवेदन फाराम दस्तुर (नक्सा पास किताब) | प्रति गोटा | ५००/- |
| निषेधित स्थानमा भारी सवारी साधन प्रवेश गरे बापत जरिवाना | | | |
| १ | पहिलो पटक | पटक | ५००/- |
| २ | दोश्रो पटक | पटक | २,०००/- |
| ३ | दुई भन्दावढी पटकको प्रति पटक | पटक | ५,०००/- |
| | | | |

## अनुसूची ६
## दफा ७ सँग सम्बन्धित
## विज्ञापन कर

| सि नं | विवरण | प्रति एकाई | तोकिएको दर |
|---|---|---|---|
| | *विज्ञापन कर (गाउँपालिकाले निषेधित गरेको क्षेत्रमा वाहेक)* | | |
| १ | होर्डिङवोर्ड १२ स्क्वायर फिट सम्म | बार्षिक | १०००/- |
| २ | होर्डिङवोर्ड १२ स्क्वायर फिट भन्दा माथि ३० स्क्वायर फिट सम्म | बार्षिक | १५००/- |
| ३ | होर्डिङवोर्ड ३० स्क्वायर फिट भन्दा माथि प्रति स्क्वायर फिट | बार्षिक | ५०/- |
| ४ | भित्तेलेखन प्रति स्क्वायर फिट | बार्षिक | २०/- |
| ५ | व्यानर १२ स्क्वायर फिट सम्म प्रति व्यानर | बार्षिक | ३०/- |
| ६ | व्यानर १२ स्क्वायर फिट भन्दा माथि प्रति ब्यानर | बार्षिक | ४०/- |
| ७ | पोलमा राख्ने वोर्ड ९ स्क्वायर फिट सम्म (सो भन्दा माथि राख्न नपाईने) बार्षिक | बार्षिक | ७००/- |
| ८ | फ्लेक्स वोर्ड (व्यापार व्यवसाय) १२ स्क्वायर फिटसम्म (पसल बाहिरका) वार्षिक | बार्षिक | १०००/- |
| ९ | फ्लेक्स वोर्ड (व्यापार व्यवसाय) १२ स्क्वायर फिट माथि(पसल वाहिरका) वार्षिक | बार्षिक | १५००/- |
| १० | पोलमा राख्ने वोर्ड वढीमा ६ स्क्वायर फिट सम्मको प्रति एकको वार्षिक | बार्षिक | ५००/- |
| | *मदिरा तथा सुर्तिजन्य पदार्थको विज्ञापनमा ५० प्रतिशत थप गरी विज्ञापनकर असूल गरिने छ ।* | | |

## अनुसूची ७
## दफा ८ सँग सम्बन्धित
## विक्री शुल्क तथा निकासी

| सि.नं | विवरण | प्रति एकाई | तोकिएको दर |
|---|---|---|---|
| १ | ढुंगा, गिटी ,बालुवा, ग्राभेल र रोडा उत्खनन, संकलन, विक्रि तथा निकासी | प्रतिक्युव फिट | रू. ७/- |
| २ | डस्ट, माटो र पांगो (व्यवसायीक प्रयोजन मात्र) | प्रतिक्युव फिट | रू. ३.५/- |
| ३ | इट्टा, टायल, ब्लक निकासी | प्रतिगोटा | रू. ०.२५/- |
| ४ | ह्यूम पाइप | प्रतिगोटा | रू. १००/- |

## अनुसूची ८
## दफा ९सँग सम्बन्धित
## पर्यटन शुल्क

| सि.नं | विवरण | प्रति एकाई | तोकिएको दर |
|---|---|---|---|
| १ | डुङ्गा संचालन शुल्क | प्रतिव्यक्ति | रू. ५०/- |

## अनुसूची ९
## दफा १० सँग सम्बन्धित
## स्थानीय श्रोत उपयोग मर्मत शुल्क

| सि.नं | विवरण | प्रति एकाई | तोकिएको दर |
|---|---|---|---|
| १ | हलुकासवारी साधन (साना) | प्रतिगोटा प्रति पटक | ३०/- |
| २ | आइचर, मिनीट्रक, ट्रिपर(मझौला) | प्रतिगोटा प्रति पटक | ६०/- |
| ३ | ठुला सवारी साधन (वस,ट्रक,ट्रिपर,हेवी इक्युपमेन्ट) | प्रतिगोटा प्रति पटक | १००/- |

## अनुसूची १०
## दफा ११ सँग सम्बन्धित
## मालपोत कर

गाउँपालिका क्षेत्रमा मूल्याङकित रकमा प्रति रोपनी ०.०१ % दरले मालपोत कर लाग्नेछ ।मालपोतकर प्रयोजनको लागि जग्गाको मूल्याङकन तपशील बमोजिम हुनेछ ।

गजुरी गाउँपालिका वडा नं १,२,र ३ (साविक गजुरी गा.वि.स)

क) वडा नं. १ (क), १(ख), १(ख) पृथ्वी राजमार्गको केन्द्र विन्दुबाट ५० मिटर भित्रपर्ने घडेरी प्रयोजनमा आउने दायाँ बायाँको जग्गाहरुः- **प्रतिरोपनी रू. १,००,००,०००/-**

ख) गजुरी गा.वि.स वडा नं. २(क),२(ङ),२(च),२(छ), पृथ्वी राजमार्गको केन्द्रविन्दुबाट ५० मि. भित्र पर्ने घडेरी प्रयोजनमा आउने दाया बायाँ जग्गाहरुः- **- प्रतिरोपनी रू.६३,६०,०००/-**

ग) गजुरी गा.वि.स वडा नं. १(क) बजार क्षेत्र पृथ्वीराजमार्गबाट दक्षिणतथा उत्तरतर्फ खुलेको निजी प्लटिङ भित्रका कच्ची सडकको दाया बायाँ जग्गाहरुः— **प्रतिरोपनी रू. ५०,००,०००/-**

घ) पृथ्वीराजमार्गको नक्सा नं. १ख, २ङ, २च बजार तथा आसपास क्षेत्रको भित्री शाखा सडक तथा निजी प्लटिङ भित्रको घडेरी योग्य जग्गाहरूः- **प्रतिरोपनी रू. २८,८०,०००/-**

ङ) गजुरी बजारबाट उत्तर तर्फ नोवेल ग्यास उद्योग सम्मजाने कच्ची मोटरबाटोको दायाबायाको जग्गाहरु **प्रतिरोपनी रू. २८,८०,०००/-**

च) गजुरी हाई स्कुलबाट कुम्पुर चामडाँडा जाने झोलुङगेपुल सम्मको कच्ची मोटरबाटोको दाया बायाको जग्गाहरु **-प्रतिरोपनी रू. २१६००००/-**

छ) गजुरी गा.वि.स वडा नं. १च,छ बजार क्षेत्रभित्र कच्ची मोटरबोटोको दायाँ बाँयाको जग्गाहरु **-प्रतिरोपनी रू.२१६००००/-**

ज) गजुरी गा.वि.स वडा नं. २क कच्ची शाखा सडकको दायाबायाको जग्गाहरु– **प्रतिरोपनी रू.२१६००००/-**

झ) अन्य कच्ची मोटरबोटोले छोएको मूल सडकका दायाँ बाँयाका जग्गाहरु- **प्रतिरोपनी रू.१८०००००/-**

ञ) मलेखु ताल्ती भण्डारा सडक- **प्रतिरोपनी रू.४८,००,०००/-**

ट) गोरेटो बाटो वडा नं. १,२ ले छोएको दायाँ बाँयाको जग्गाहरु- **प्रतिरोपनी रू. ५४००००/-**

ठ) अन्य वडाको गोरेटो बाटोले छाएका दाया बाँयाको जग्गाहरु **प्रतिरोपनी रू. ४२००००/-**

ड) अन्य जग्गाहरु वडा नं १ र ४

| विवरण | अब्बल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| खेत | ५३००००/- | ४४८०००/- | ३१००००/- | २४००००/- |
| पाखा | १७००००/- | १२००००/- | १०००००/- | ७००००/- |

ढ) अन्य जग्गाहरु वडा नं. २,५,६,७ र ८

| विवरण | अब्बल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| खेत | १७००००/- | १२००००/- | १०००००/- | ७५०००/- |
| पाखा | ७५०००/- | ५००००/- | ३५०००/- | ३००००/- |

त) अन्य जग्गाहरु वडा नं. ३ र ९

| विवरण | अब्बल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| खेत | २०००००/- | १२००००/- | १०००००/- | ७००००/- |
| पाखा | ७००००/- | ६००००/- | ५००००/- | ४००००/- |

२.गजुरी गाउँपालिका वडा नं ४, ५ र ६ (सा.वि.क पिडा गा.वि.स)

क) पिडा गा.स वडा नं.वि. १ (क), १(ग), २(छ)२ (ङ), २ मा पर्ने (झ) पृथ्वी राजमार्गको केन्द्र विन्दुबाट ५० मिटर भित्र पर्ने घडेरी प्रयोजनमा आउने दायाँ बायाँको जग्गाहरु **प्रतिरोपनी रू.४४,६०,०००/-**

ख) पिडा गा(क) १ .स वडा नं.वि., १(ग), २(छ)२ (ङ),२ मा पर्ने पृथ्वी राजमार्गको (झ)केन्द्र विन्दुबाट ५० मिटर बजार तथा आसपास क्षेत्रका भित्री शाखा सडक निजीप्लटिङका घडेरी प्रयोजनमा आउने दायाँ बायाँको जग्गाहरु प्रतिरोपनी रू. **२१,६०,०००/-**

ग) आदमघाट लिस्नेफेदी सन्दरनागी सडकमा पर्न आउने दायाँ बायाँको जग्गाहरु **प्रतिरोपनी रू.१३,२०,०००/-**

घ) घाटबेशी साडीखोला मानेभञ्ज्याङ देउराली सडक **प्रतिरोपनी रू.१०,८०,०००/-**

ङ) अन्य कच्ची मोटरबाटोले छोएका दाया बाँयाका जग्गाहरु **प्रतिरोपनी रू. १०,८०,०००/-**

**च)** गोरेटो बाटोले छोएको दाया बाँयाका जग्गाहरु **प्रतिरोपनी रू.४,२०,०००/-**

**छ)** अन्य जग्गाहरु साविक पिडा गाविस को वडा नं १ देखि ५ सम्म

| विवरण | अब्बल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| खेत | ३१००००/- | २२००००/- | २०००००/- | १२००००/- |
| पाखा | १५००००/- | १२००००/- | १०००००/- | ७००००/- |

ज) अन्य जग्गाहरु वडा नं ६,७,८ र ९ सम्म

| विवरण | अब्बल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| खेत | १७००००/- | १५००००/- | १२००००/- | १०००००/- |
| पाखा | १०००००/- | ७००००/- | ६००००/- | ५००००/- |

१. गजुरी गाउँपालिका वडा नं ७ र ८ (स.वि.साविक किरान्चोक गा)

क. आदमघाट लामाचिरा चैनपुर लामसालिङ कच्ची बाटो — प्रतिरोपनी रू .७,२०,०००/-

ख. आदमघाट पर्खाले थुम्की तीनघरे कच्ची मोटरबाटो प्रतिरोपनी रु. ६,००,०००/-

ग. अन्य कच्ची मोटरबाटोले छोएको दायाँबायाँका जग्गाहरू प्रतिरोपनी रु. ५,४०,०००/-

घ. गोररेटो बाटोले छोएको जग्गाहरू प्रतिरोपनी रु. ३,००,०००/-

ङ. अन्य जग्गाहरू वडा न २,३,४,५,६ र ७ का जग्गाहरु प्रतिरोपनी रु.

| विवरण | अब्बल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| खेत | २२००००/- | १७००००/- | १३००००/- | ११००००/- |
| पाखा | १०००००/- | ७००००/- | ६००००/- | ५००००/- |

च. अन्य जग्गाहरू वडा नं. ८ का जग्गाहरू प्रति रोपनी रू.

| विवरण | अब्बल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| खेत | ३३००००/- | २६००००/- | २४००००/- | २२००००/- |
| पाखा | १५००००/- | १०००००/- | ८००००/- | ५००००/- |

छ. अन्य जग्गाहरू वडा नं १ र ९ जग्गाहरु प्रति रोपनी रु.

| विवरण | अब्बल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| खेत | ३८००००/- | ३४००००/- | २९०००० | २४००००/- |
| पाखा | १५००००/- | १२००००/- | १०००००/- | ५००००/- |

**नोट :** जग्गा धनीले प्रत्येक वर्षको मालपोत कर सोही आर्थिक वर्षभित्र भुक्तानी गरिसक्नुपर्नेछ । अन्यथा जरिवाना बापत पहिलो वर्ष ५%, दोस्रो वर्ष १०%, तेस्रो वर्ष २०%, चौथो वर्ष ३०%, पाँचौ वर्ष ५०%, छैटौ वर्ष ८०% र सातौ वर्ष र त्यसमाथीको वर्षको मालपोत कर नबुझाएको हकमा १००% जरिवाना लाग्नेछ ।

## अनुसूची ११
## दफा १२ सँग सम्बन्धित
## कवाडी कर

क) कवाडी मालसामानको व्यवसायीक कारोवार तथा निकासी करको दर :

| क्र.सं. | विवरण | इकाइ | प्रति इकाइ दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | कवाडी सामान फलामजन्य (५००० केजी सम्म) | केजी | रु. ३/- | |
| २ | कवाडी सामान फलामजन्य (५००० केजी भन्दा माथी) | केजी | रु. ४/- | |
| ३ | कवाडी सामान (रबर, टायर, ट्यूव र प्लाष्टिकजन्य) | केजी | रु. १.५/- | |
| ४ | कवाडी समान (कागजजन्य) | केजी | रु. ०.५/- | |
| ५ | कवाडी सामान - तामा पित्तल | केजी | रु. १००/- | |
| ६ | कवाडी व्याट्री | केजी | रु. २०/- | |

## अनुसूची १२
## दफा १३ सँग सम्बन्धित
## सम्पत्तिभाडाको कर

| क्र.सं. | सम्पत्ति | भाडादर रु. |
|---|---|---|
| १ | ब्याक्होलोडर प्रतिघण्टा (इन्धन बाहेक) | रु. १,३००/- |
| २ | सभाहल साउण्ड सिस्टम सहित (प्रतिदिन) | रु. ३०००/- |
| ३ | प्रोजेक्टर (प्रतिदिन) | रु. ५००/- |
| ४ | सव वहान (गाउँपालिका वाहेकको नागरिकको निम्ति, प्रति किलोमिटर) | रु. ५०/- |

**आज्ञाले**
**प्रमुख प्रशासकीय अधिकृत**